# तामाकोशी गाउँपालिकाको विनियोजन ऐन, २०७९

तामाकोशी गाउँपालिकाको आर्थिक वर्ष २०७९।२०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्ने वनेको ऐन

सभाबाट स्विकृत मितिः २०७९।०३।१०

## प्रस्तावना

तामाकोशी गाउँपालिकाको आर्थिक वर्ष २०७९।२०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा २ बमोजिम तामाकोशी गाउँपालिकाको गाउँसभाले यो विधेयक बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** १() यस ऐनको नाम तामाकोशी गाउँपालिकाको विनियोजन ऐन, २०७९ रहेको छ ।

(२) यो विधेयक गाउँसभाबाट स्विकृत भई अध्यक्षबाट प्रमाणिकरण भएपछि सम्वत् २०७९ साल श्रावण १ गते देखि लागु हुनेछ ।

**२. आर्थिक वर्ष ०७९।०८० को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७९।२०८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्था रकम समेत गरी जम्मा रकम रु.६५,०५,६४,०००।- (अक्षरेपी पैंसठ्ठी करोड पाँच लाख चौसठ्ठी हजार रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०७९।२०८० को निमित्त तामाकोशी गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसूची १ मा उल्लेख भए बमोजिम विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकमान्तर गर्न तथा खर्च गर्न सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भूक्तानी खर्च र व्याज भूक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तरगत साँवा भूक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भूक्तानी खर्च शिर्षकमा

बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

३. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्विकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्विकृती लिनु पर्नेछ ।

**४. विनियोजन गर्न सकिने:** (१) तामाकोशी गाउँपालिकाको गाउँसभाले आ.ब. ०७८।०७९ को लागि सेवा र कार्यहरुका निमित्त खर्च गर्नको लागि स्विकृत गरेको रकम मध्ये आर्थिक वर्षको अन्त्यमा सम्पूर्ण रुपमा खर्च हुन नसकि बाँकी रहने रकम आ.ब. ०७९।०८० को निमित्त गाउँपालिकाको आवश्यकता र प्राथिमकताका योजना तथा कार्यक्रमहरुमा गाउँ कार्यपालिकाले विनियोजन गर्न सक्नेछ । यसरी विनियोजन गरिएको रकम तथा योजनाहरुलाई गाउँसभामा पेश गरी स्विकृत गराउनु पर्नेछ ।

अनुसूची -१

(दफा २ संग सम्वन्धित)

रु.हजारमा

| क.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ७,६९,५९।- | २०,०६,८३।- | ०।- | |
| २ | | वडा समिति | ०।- | ७,९०,००।- | ०।- | |
| ३ | | विषयगत शाखा | २४,३३,४४।- | ५,०५,७८।- | ०।- | |
| ४ | | ऋणको साँवा व्याज भूक्तानी | ०।- | ०।- | ०।- | |
| ५ | | लगानी (शेयर/ ऋण) | ०।- | ०।- | ०।- | |
| | | **कुल बजेट** | **३२,०३,०३।-** | **३३,०२,६१।-** | ०।- | |